ठाकुरबाबा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बर्दिया ,प्रदेश नं ५

फोन नं. ०८४-४०३२०२

औषधी तथा सर्जिकल सामाग्री आपूर्ति सम्बन्धि सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०५।१८

आ.ब. २०७५।७६

सुचना नं. ०१।२०७५।७६

यस कार्यालयको लागि आवश्यक औषधी सर्जिकल सामाग्री सिलबन्दीहरु दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त इच्छुक व्यक्ति, फर्म, तथा कम्पनी बाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित बिषयको कारोबार गर्ने कम्पनी,फर्म चालु आ.ब.२०७५।७६ मा नवीकरण भएको ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, आयकर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिकपी, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र आ.ब. २०७३।७४ को करचुक्ताको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु. १०।–को टिकट निवेदनमा टाँस गरी कार्यालय समय भित्र छुट्टा छुटै निवेदनबाट रु. १०००।– तिरी दरभाउपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा कार्यालय प्रमुखको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र खरिद गर्नु पर्ने छ । खरिद भएको दरभाउपत्र यो सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र दरभाउपत्र फाराममा सहीछाप गरि दरभाउपत्र दाताको नाम, ठेगाना, फोन तथा फ्यास नं. समेत खुलाई सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तीम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगतै कार्यालय खुलेको दिन सोही समयमा उक्त कार्यहरु हुनेछ ।

५. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सुचना अनुसार उल्लेखित जमानत ठाकुरबाबा नगरपालिको कार्यालय, बर्दियाको राष्टिय बाणिज्य बैक स्थित खाता नं. ४१४०३०३००७१०७ धरौटी खातामा जम्मा गरेको सक्कलै बैक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको, प्रचलित कानुनले तोकेको अवधि भएको दरभाउपत्र जमानी पत्र (विडवन्ड) पेश गर्नु पर्ने छ ।

६. दरभाउपत्र स्वीकृत भएपछि सूचनामा उल्लेख गरिने नियमानुसारले हुने रकम बरावरको धरौटी खातामा जम्मा गरेको बैक भौचर वा कानुनले तोकेको अवधि सम्मको बैंक कार्यसम्पादन जमानत पत्र पेश गर्नु पर्ने छ ।

निमित्त प्रमुख प्रशासकिय अधिकृत

७. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८. औषधी खरिद गर्दा **WHO GMP Certified Company** बाट उत्पादित औषधी हरु मात्र खरिद गरिने छ । बोतलमा सप्लाई हुने औषधीहरु प्लाटीक बोतलमा भएको हुनु पर्ने छ ।

९. औषधी सप्लाई गर्दा प्रत्येक आईटमको ब्याच अनुसार अधिकारीक निकायबाट प्रमाणीत ल्याब टेष्ट रिर्पोट पेश गर्नु पर्ने छ । वीना ल्याब टेष्ट रिपोर्ट औषधी बुझिलिन कार्यालय बाध्य हुने छैन ।

१०. प्रत्येक औषधीहरुको औषधी निर्यातकर्ताले औषधी व्यवस्था विभागबाट म्याद भएको छुट्टाछुट्टै Authorization प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

११ खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउंदा सम्म Manufacturing Date बाट Expiry Date कम्तीमा १८ महिना हुनुपर्नेछ । र उत्पादन मिति बाट १८ महिना भन्दा कम म्याद भएका औषधी हरुको हकमा उत्पादन मिति बाट कम्तीमा ७५ प्रतिशत प्रयोग म्याद भएको हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएका औषधीहरु बुझिलिने छैन ।

१२ सारभूत रुपमा प्रभावग्राही दरभाउपत्र मध्ये आइटमवाइज सबै भन्दा घटी दर कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

१३. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थप घट गर्न सकिने छ । साथै थप बजेट प्राप्त नभएमा लागत अनुमानमा संशोधन हुनेछ ।

१४ अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१५. अन्य कुराहरु बुझ्न परे कार्यालय फोन नं. मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

सि.न	ठेक्का न	विवरण	लागत अनुमान रकम (मु.अ.कर समेत)	दरभाउपत्र दस्तुर	जमानत रकम	कैफियत
१	०१।०७५।७६	औषधि तथा सर्जिकल सामग्री	१८,३८,९४३।	१०००।	५१,०००।	

निमित्त प्रमुख प्रशासकीय अधिकृत